# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
३ नं. प्रदेश, नेपाल

प.सं. २०७६।०७७ राजश्व
च.नं. १३२१

मिति २०७६।०६।२७

सूचना! सूचना!! सूचना !!!

विषय : एकिकृत सम्पती कर समायोजन सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा रत्ननगर नगरपालिकाको आ.व. २०७६।०७७ को कर राजश्वका सम्वन्धमा राजश्व परामर्श समितिबाट सिफारीस भै नगर सभाबाट करका दररेटहरु स्वीकृत भई मिति २०७६।०४।०१ देखि लागु गरिएको व्यहोरा अनुरोध छ । त्यसैले रत्ननगर नगरपालिका भित्रका सम्पूर्ण नगरवासी, विभिन्न सरोकारवाला व्यक्ति, संघ संस्था तथा निकायहरुमा यो सूचना जारि गरिएको छ । विगत आर्थिक बर्षको बक्यौतामा सम्पति कर बुझाउँदा एक बर्षसम्मको २० प्रतिशत र एक बर्ष भन्दा बढीमा ३० प्रतिशत जरिवाना लाग्ने छ । त्यस्तै करदाताले कर समायोजना पश्चात हिसाब तुलना गर्दा पहिले तिरेको एकिकृत सम्पत्ति करको रकम बढी भएको देखिएमा यसै आ.व. २०७६।०७७ को कर तिर्दा कार्तिक मसान्त सम्म समायोजन गरिने छ । सो अवधि पछि कर बुझाउँदा आ.व. २०७५।०७६ को कर बढी देखियता पनि समायोजन हुने छैन साथै आ.व.२०७५।०७६ मा कर बढी बुझाएको तर उक्त कित्ता विक्री वितरण, जग्गा थप घट वा अंशबण्डा गरेको हकमा समेत रकम समायोजन गरिने छैन । त्यसैले समयमै कर बुझाई लाभ लिनु हुन जानकारी गराईन्छ, साथै २०७६ कार्तिक मसान्त पछि एकिकृत सम्पति कर बुझाउन आएमा कर समयोजन गर्न नसकिने व्यहोरा समेत सम्वन्धित सबैका लागि जानकारी गराईन्छ ।

..............................
नि. प्रमुख प्रशासकिय अधिकृत

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np